नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३–४२४९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

पत्र संख्या:– ०७८/७९

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७८।०९।१६**

**सूचना नं.-०५**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जाको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले यस एकाइको कार्यक्षेत्र भित्रका इच्छुक कृषि सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात (मिति २०७८/१०/०६ गते भित्र) यस परियोजना कार्यान्वयन एकाइ, स्याङ्जामा देहाय बमोजिमको आवश्यक कागजातहरु संलग्न गरी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीको लागि यस परियोजना कार्यान्वयन एकाइमा सम्पर्क गर्न सकिनेछ। समयमा पेश नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कार्वाही हुने छैन।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अनुदानको अधिकतम सीमा (%) | कार्यक्रम सञ्चालन मापदण्ड | आवेदन दिन सकिने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शित भण्डार गृह निर्माण सहयोग कार्यक्रम | १ | ८५ | परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार | जिल्लाभर | विगत देखि यस सम्बन्धि कार्य गरिरहेको आवेदकलाई प्राथमिकता दिइने। |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

- रु १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा निवेदन। निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- नविकरण सहितको संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, पान दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र एवं वार्षिक लेखा परीक्षण प्रतिवेदन, प्रस्ताव पेश गर्ने सम्बन्धि सञ्चालक समिति/कार्य समितिको बैठक निर्णयको प्रतिलिपि।
- संरचना निर्माण गरिने जग्गा/जमिनको स्पष्ट कित्ता खुल्ने नापी नक्सा र लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भएमा कम्तीमा २० वर्षको जग्गा करार सम्झौतानामा पत्रको प्रमाणित प्रतिलिपि।
- सम्बन्धित स्थानिय तहको आवश्यक सहयोग गर्ने तथा कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
- वितगका आ.व. मा सरकारी निकायबाट अनुदान लिए/नलिएको स्वघोषणा पत्र।
- आवेदकले विगतमा सञ्चालन गरेका एवं हाल सञ्चालन गरिरहेका कृषि गतिविधिहरुको विवरण तथा गतिविधि झल्किने फोटोहरु।

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत